दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २४१ | बुटवल | २०८१ भदौ ११, गते मंगलबार | नेपाल संवत ११४४ | Tuesday Aug.27 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।

सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्स्योरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


# सीडीओको मायाले कति फरक पाऱ्यो यादवको जिन्दगीमा ?

**जनै चुडिंदा भएको विवादले दुर्गाको ज्यान गयो, यादव ६ वर्ष जेल गए। उनलाई फाँसीको सजाय थियो। फाँसीमा जाने मिति आउन ६ दिन बाँकी रहँदा रुपन्देहीका सीडीओले ब्लडमनी वापत ४६ लाख जुटाएर पीडित पक्षसँग मिलापत्र गराएपछि यादवले मृत्युको मुखबाट जोगिएर नयाँ जीवन पाए। रुपन्देहीका सीडीओले आफ्नो कार्यक्षेत्र नहुँदा नहुँदै पनि साउदीको जेलमा रहेका धनुषाका यादवलाई बचाउन खेलेको भूमिका साँच्चिकै अविष्मरणीय र अतुलनीय मात्र छैन, अरु प्रशासकलाई नजिर र प्रेरणादायी छ।**

**टिआर/हबिब**
*भैरहवा*

'एउटा मान्छेको मायाले कति फरक पर्दछ जिन्दगीमा.....
एउटा साथीको साथले कति फरक पर्दछ जिउनुमा'.....

स्वर सम्राट नारायणगोपालले गाएको गीतको माथिका हरफ जस्तै साउदी अरबमा फाँसीको सजाय सुनाइएका धनुषाकारामआशिष यादवको जीवनमा रुपन्देहीका सीडीयोले देखाएको मायालेसांच्चिकै ठूलो फरक पारेको छ, अर्थात् फाँसीको सजायबाट मुक्ति पाएर नयाँ जीवन नै पाएका छन्।

एउटा प्रशासकको माया र करुणा अनि ब्लडमनी वापतको ठूलो रकम (४६ लाख) जुटाउन उनलाई रुपन्देहीका व्यवसायीले दिएको साथले एकजनाले मृत्युबाट जोगिएर नयाँ जीवन पाएपछि साँच्चै एउटा मान्छेको मायाले कति फरक पार्दोरहेछ जिन्दगीमा भन्ने गीतको मर्म र भाव पुष्टी भएको छ।



त्यही मायाको फलस्वरुप यादव साउदीको जेलबाट मुक्त भई नेपाल फर्केका छन्। नेपालको प्रशासनिक इतिहासमा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी अर्यालले आफ्नो कार्यक्षेत्र नहुँदा नहुँदै पनि धेरै टाढाको भूगोलका बासिन्दालाई बचाउन खेलेको भूमिका साँच्चिकै अनुकरणीय र अविष्मरणीय मात्र छैन, अरु प्रशासकलाई नजिर र प्रेरणा हुन सक्दछ।

साउदी अरबमा एकै ठाउँ काम गर्ने र बस्दै आएका रुपन्देहीको कञ्चन गाउँपालिका-४ का दुर्गाप्रसाद शर्मालाई हत्या गरेको अभियोगमा यादव ६ वर्षदेखि साउदीकै जेलमा थिए। उनलाई अदालतले फाँसीको सजाय सुनाएको थियो।

फाँसीबाट जोगिन यादवले मृतकको परिवारबाट क्षमादानको स्वीकृति लिनुपर्दथ्यो। त्यसका लागि मृतकको परिवारले 'ब्लड मनी' वापत् ५० लाख रुपैयाँ मागेका थिए। सम्पत्तिको नाममा झण्डै एक कठ्ठा मात्र घरघडेरी रहेको रामआशिषको परिवारलाई ब्लडमनीवापत् ५० लाख रुपैयाँ जुटाउनु कल्पना बाहिरको र असम्भव जस्तै थियो।

तर रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले आफूसहित केही कर्मचारी र रुपन्देहीका उद्योगी व्यवसायीबाट ब्लड मनी वापतको ४६ लाख संकलन गर्दै मृतकका परिवारसँग मिलापत्र गराउन सफल भएपछि रामआशिषको जीवन जोगिएको हो।

फाँसीको सजाय पाउने मिति आउन ६ दिन पहिला प्रजिअ अर्यालले मृतकको परिवारलाई ४६ लाख रुपैयाँ दिलाएर सहमति गराई त्यसको जानकारी साउदी दुतावासलाई गराएपछि रामआशिषले जीवनदान पाएका हुन्।

'मेरो टाउको काटिने दिन आउन ६ दिन मात्र बाँकी थियो, साउदी अरबको पात्रो अनुसार दोस्रो महिनाको ११ तारिखमा मैले फाँसी पाउनेवाला थिएं,'-जिल्ला प्रशासन कार्यालय रुपन्देही आइपुगेका रामआशिषले भने-'रुपन्देहीका सीडीयो साबले ४६ लाख जुटाएर दुर्गा दाइ (साउदीमा हत्या भएका) को मेडमलाई दिएर मिलापत्र गरेको कागज साउदी पठाएपछि म नयाँ जुनी पाएर फर्केको हुँ।'

रामआशिषले आफू साउदीबाट नेपाल आउने वित्तिकै स्वर्गीय दुर्गा शर्माको परिवारसँग माफी माग्न, साउदीमा रक्सी खाएर गरेको गल्तीको प्रायश्चित गर्न र आफूलाई बचाउन भूमिका खेलेका स्व. दुर्गाको श्रीमती, सीडीयो अर्याल र रुपन्देहीका व्यापारी जसले ब्लड मनीको लागि पैसा दिए उनीहरुलाई धन्यवाद दिन रुपन्देही आएको बताए।

रामआशिष रुपन्देही आउने भएपछि प्रजिअ अर्यालले जिल्ला प्रशासन कार्यालयमै बोलाएका थिए, त्यहाँ ब्लड मनीका लागि रकम दान गरेका व्यवसायीहरु समेत थिए। श्रीमती र छोरीहरुसहित आएका रामआशिषले भावविभोर हुँदै सबैलाई धन्यवाद दिए।

विशेषगरी सीडीयो अर्यालको खुलेर प्रशंसा गर्दै उनकै प्रयासले आफू बाँच्न पाएको बताए। 'रुपन्देहीका सीडीयो न मेरो जिल्लाको हुन् न चिनेजानेको हुन्, तर उनले मलाई बचाउन किन यसरी काम गरे म पनि अचम्म परेको छु,' रामआशिषले भने-'अझैं पनि हाम्रोमा पहाडीया र मधेशी भनेर हेर्ने चलन छ, तर एउटा पहाडी समुदायको सीडीयोले मधेशको गरिब यादवको छोराको जीवन बचाइदियो, म उनलाई भगवान नै मानेको छु, म फाँसीमा गएको भए मेरो श्रीमती र तीन छोरीको बिचल्ली हुने थियो।' स्वर्गीय दुर्गाको परिवारलाई भने रामआशिषले भेट्न पाएनन्।

**जनै चुंडिदा दुर्गाको ज्यान गयो, यादव ६ वर्ष जेल गए**

तीन छोरी, आमा-बुबासहित ६ जनाको परिवार चलाउन गाह्रो भएको भन्दै रामअशिष सन् २०१२ मा साउदी अरब पुगेका थिए। रामअशिष र रुपन्देहीका दुर्गा साउदीमा पुल, सडक बनाउने कन्स्ट्रक्सन कम्पनीमा काम गर्थे। दुर्गा इलेक्ट्रिसियन थिए, रामआशिष सुरुमा लेबर काम गर्थे। पछि मेकानिक भए।

रामआशिष भन्दा दुर्गा पहिलेदेखि नै साउदीमा काम गर्दै आएका थिए। उनीहरु ७-८ महिनासम्म त एउटै कोठामा बसे। पछि बस्ने कोठा अलग भए पनि खाना खाने भान्सा एउटै थियो। रामआशिषका अनुसार घटना हुनुभन्दा पहिला एकपटक दुर्गाले रामआशिषसँग साउदीको २ हजार सापटी मागेका थिए। रामआशिषले दिएका थिए। र दुर्गाले केही समयपछि फिर्ता गरेका थिए। दुर्गाले फेरि अर्कोपटक पनि त्यहाँको २ हजार मागेको, तर घरमा आफ्नो आमा बितेकाले रकम दिन नसकेपछि दुर्गा रिसाएको रामआशिषले स्मरण गरे।

२०१८ को अक्टोबर ६ तारिख दुर्गा, रामआशिष र एकजना लिम्बु थरका पुरुषले कोठामा बिहानैदेखि मदिरा खाए। अनि क्यारिमबोर्ड खेल्न थाले। रामआशिषका अनुसार क्यारिमबोर्ड खेल्दा बोर्डबाट खसेको गोटी टिप्न खोज्दा दुर्गा लडे। दुर्गाले हाफ स्याण्डो (गन्जी) लगाएका थिए। उनलाई उठाउन खोज्दा तानिएर जनै चुडियो।

» *बाँकी ३ पेजमा*

गौरा पर्वमा नाराबाजी :

## नयाँ पुस्ताले शिष्टता बिर्सिए : प्रधानमन्त्री



बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ पुस्ताले सभ्यता, शिष्टता र मर्यादा बिर्सिएको बताएका छन्।

सोमबार काठमाडौंको टुँडिखेलमा गौरा पर्वको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्। उनले नयाँ पुस्ताले आफ्नो परम्परा र संस्कृतिअनुसार सभ्यतार शिष्टता बिर्सिएको देख्दा अचम्मित भएको बताए। उनले नयाँ पुस्ताको अकर्मण्यता नेपालीपन नभएको बताए।

प्रधानमन्त्री ओलीले नेपालीपन र नेपाली संस्कृतिलाई बढावा दिन युवाहरुलाई आग्रह गरे। उनले नेपाल मेलमिलाप, शान्तिपूर्ण देश भएको जनाए।

नेपाली समाज संस्कृतिले भरिपूर्ण समाज भएको भन्दै नेपाली समाज जति बिथोल्न खोजेपनि र जति भाँड्न खोजेपनि नभाँडिने जिकिर गरे। उनले नेपालको मौलिक कला र संस्कृतिको जगेर्ना गरी विश्वव्यापी फैल्याउनुपर्ने बताए।

गौरा पर्वको अवसरमा काठमाडौंको टुँडिखेलमा सोमबार दिउँसो भएको कार्यक्रममा दर्शकदीर्घाबाट प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध नाराबाजी भएको छ।

कार्यक्रममा सहभागी युवाहरूको समूहले मञ्चमा प्रधानमन्त्री ओली उपस्थित भएका बेला नाराबाजी गरेका हुन्। युवाहरूको समूहले प्रधानमन्त्री ओलीको नाम नै लिएर नाराबाजी गरेका हुन्।

कार्यक्रममा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पर्यटन मन्त्री बद्री पाण्डे, वन मन्त्री ऐनबहादुर शाही, उद्योग मन्त्री दामोदर भण्डारी पनि उपस्थित थिए।

साथै कांग्रेस सभापति देउवाले दर्शकदीर्घाबाट हो-हल्ला भएपछि गौरा पर्वको कार्यक्रम बिथोल्न खोजिएको भन्दै असन्तुष्टि जनाए।

धेरै मानिस गौरा पर्व मनाउन र गौरा खेल्न टुँडिखेलमा आएको, तर केहीले बिथोल्न खोजेकोले त्यसलाई जनताले ठिक पार्ने देउवाले बताए।

# भगवती रथ यात्रामा राष्ट्रपति सहभागी हुँदै

**कृष्ण पोखरेल**
*पाल्पा*



नेपालले पाल्पा नुवाकोट बुटवल जितगढी युद्धमा तत्कालीन इष्ट इण्डिया कम्पनीको अंग्रेज फौजलाई हराएको सम्झनामा आज ११ गते मंगलबार तानसेनमा २०५औं विजयोत्सव तथा भगवती रथयात्रा हुँदैछ। वि.स. १८७१ र ०७२ मा भएको युद्धमा तत्कालनी कर्णेल उजिरसिंह थापाले दुबै पटक इष्ट इण्डिया कम्पनीको अंग्रेज फौजलाई पराजित गरेर बुटवलबाट धपाएका थिए। युद्धमा जानुअघि तत्कालीन कर्णेल उजिरसिंह थापाले हे ! भगवती माता हामीलाई युद्ध जित्ने आत्मविश्वास, हौसल्ला दिनुहोस्, लडाई जितेपछि तपाईंको महिमा चारैतिर फैलाउने छु, मन्दिर बनाउने छु, सिंदुरजात्रा गर्ने छु भनी भाकल गरेका थिए। युद्धमा अग्रेज फौजलाई हराएपछी कर्णेल उजिर सिंह थापाले वि.स. १८७६ सम्म ३ तले भगवती मन्दिर निर्माण गरी १८७७ साल भाद्र कृष्णजन्माष्टमीको भोली पल्ट विजयोत्सवसहितको भगवती रथयात्रा मनाउन थालिएको हो।

विजयोत्सव राष्ट्रपतिले अवलोकन गर्ने

२०५औं विजयोत्सव एवं भगवती रथ यात्रामा सम्मानीय राष्ट्रपति रामचन्द्र पौडेलले अवलोकन गर्ने भएका छन्।

राष्ट्रपति पौडेलबाट विजयोत्सव अवलोकन गर्दै भगवती मन्दिर पूजा आजा गर्ने कार्यक्रमको सबै तयारी पूरा भएको भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष अशोकमान महर्जनले बताए। विजयोत्सवमा उप-प्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, रक्षामन्त्री मानवीर राई, , संस्कृति पर्यटन तथा नागरिक उड्यनमन्त्री बद्रीनाथ पाण्डे, नेपाली सेनाका उच्च पदस्थ व्यक्तिहरु, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्य, प्रदेश अर्थमन्त्री धनेन्द्र कार्की, स्वास्थ्यमन्त्री खेमबहादुर सारु, प्रदेश सभामुख तुलाराम घर्तीमगरलगायत सरकारका उच्च पदस्थ व्यक्तिहरुको सहभागी रहने समितिले जनाएको छ। पहिलो पटक विजयोत्सवमा राष्ट्रप्रमुखको सहभागी हुने भएको हो।

विजयोत्सवमा सहभागी हुने यात्रुहरुलाई ५० प्रतिशतसम्म भाडा छुट

विजयोत्सवमा व्यापक जनसहभागिता जुटाउन बुटवलदेखि तानसेन जाने र आउने बसमा ५० प्रतिशत बसभाडा छुट दिइएको छ। पश्चिम नेपाल बस व्यवसायी प्रा.लि. र श्रीनगर यातायात प्रा.लि. तानसेनको विजयोत्सव भगवती रथ यात्रामा रहभागी हुने यात्रुहरुको लागि आउने जाने यात्रुहरुको लागि ५० प्रतिशत छुट गरेको हो। अहिले तानसेन-बुटवलको एकतर्फी भाडा रु १५० रुपैयाँ रहेकोमा ११ गते बुटवलबाट तानसेन आउने यात्रुहरुको लागि रु ७५ रुपैयाँमा एकतर्फी यात्रा गर्न पाउने छन्। श्रीनगर यातायात सेवा प्रा.लि.ले ग्रामीण क्षेत्र तथा जुनसुकै स्थानबाट पनि तानसेन यात्रा गर्ने यात्रुहरुको लागि १० प्रतिशत भाडा छुट सुविधा प्रदान गरिएको कार्यालय प्रमुख भविन्द्र गौतमले बताए।

विजयोत्सवको असवरमा खान बस्न २५ प्रतिशतसम्म छुट

अंग्रेज सेनालाई लडाईको मैदान हराएर धपाउनु वीर नेपालीहरुको लागि गौरवको विषय बनेको छ। अंग्रेज सेनालाई नेपाली सेनाले युद्धमा हराएको कुरा सबै नेपालीहरुको जनमासमा फैलाउन सरकारी, गैर सरकारी संघ संस्थादेखि व्यक्तिहरु सक्रिय भएर लागेका छन्। विजयोत्सव भगवती रथयात्राको अवसरमा सहभागी हुने पर्यटकहरुको लागि पाल्पाली होटल तथा रेष्टुरेण्ट व्यवसायी संघले खाना नास्तामा १५ प्रतिशत र बास बस्न २५ प्रतिशतसम्म छुटको व्यवस्था गरेको छ।

विजयोत्सवको अवसरमा पाल्पामा सार्वजनिक बिदा

विजयोत्सव भगवती रथयात्रामा सबै पक्षको सहभागिता बढाउन लुम्बिनी प्रदेश सरकारले आज भदौ ११ गते मंगलबारलाई सार्वजनिक बिदा दिने निर्यण गरेको छ। लुम्बिनी प्रदेश आन्तरिक मामिला मन्त्रालयले पाल्पामा मनाइने विजयोत्सव भगवती रथयात्रा राष्ट्रियता जर्गेना गर्ने, राष्ट्रिय दिवस नै भएकोले विगत केही वर्षदेखि नै सार्वजनिक बिदा दिँदै आएको छ।

चिटिक्क पारियो विजयोत्सव भगवती रथयात्रा स्थल

विजयोत्सवमा राष्ट्रपति राचन्द्र पौडेलसहितका उच्च पदस्थ व्यक्तिहरुको सहभागिता हुने भइपछि विजयोत्सव स्थल वरिपरि सरसफाइ गरी चिटिक्क बनाइएको छ।

विभिन्न स्थानमा रंग रोगनदेखि विशिष्ट व्यक्तिहरुको अवलोकन स्थल, निःशुल्क वाइफाईको व्यवस्था, सुरक्षा प्रबन्धको व्यवस्था मिलाइएको छ। विजयस्थल क्षेत्रमा विभिन्न किसिमका विद्युत् लाइटहरुको व्यवस्था, रथयात्रा क्षेत्रमा सरसफाइ, बाटोघाटो मर्मतका कामहरु भएका छन्। विजयोत्सवको भगवती रथलाई भदौ ११ गते मंगलबार १२ : ४५ बजेको शुभ साइतमा उठाइने र दिनभरी तानसेन बजार घुमाउने बेलुका ६ बजेभित्र विसर्जन गर्ने कार्यक्रम रहेको भगवती गुठी व्यवस्थापन समितिले जनाएको छ।




## सम्पादकीय

# सम्पत्ति हडप्ने प्रपञ्चको छानविन गर

सिद्धार्थनगर नगरपालिका–६ मा निःसन्तान सुखु मल्लाहलाई बाबु कायम गरी मृत्यु दर्ता र अन्य कागजात बनाएर सम्पत्ति हडप्ने प्रपञ्च गर्ने विरुद्ध छानविन गरी कारबाहीको दायरामा ल्याउनुपर्छ ।

निसन्तान सुखुको मृत्युपछि अदालतको फैसलाबाट उनको सम्पत्ति दाइ फौदार मल्लाहका छोराहरु लालजित र सन्त मल्लाहको नाममा गएको थियो । तर मिलेमतोमा फरक ठाउँमा सर्जमिन गराई भारतीय नागरिक बदल मल्लाहका छोरीहरु मालती मल्लाहीन र रिखीदेवी मल्लाहले सुखुका छोरी बनेर नागरिकता लिएका थिए । सिद्धार्थनगर-६ का लालजित र सन्त मल्लाहका बुवा फौदार हुन भने काका सुखु मल्लाह हुन् । उनीहरुका बुवा फौदारको २०७७ जेठ ८ र आमा भिनाको भने १० वर्ष अघि नै मृत्यु भइसकेको छ । काका सुखुको २०७८ असार १७ र काकी कपुतरी मल्लाहको २०७७ माघ १० मृत्यु भएको थियो ।

यसअघि नै सुखुका दाइका छोराहरुले सम्पत्ति भागबण्डा गरिसकेका थिए । तर रुपन्देही जिल्ला अदालतमा परेको मुद्दामा २०८० भदौ २६ न्यायाधीश उमेश कोइरालाको इजलासले २०१२ साल जन्ममिति रहेकी मालती मल्लाहीनलाई २००६ सालमा जन्मिएका सुखु मल्लाहको छोरी कायम भएको र अंश दिने फैसला गर्नुले नेपालको न्यायप्रणालीमाथि नै प्रश्न खडा गरेको छ । फैसलाअनुसार जग्गा रिखीदेवी र मालतीको नाममा गए सिद्धार्थनगर, सियारी र ओमसतियाको करिब १८ कठ्ठा र घर गरी साढे दुई करोड बराबरको जमिन जान्छ । बाबु छोरीको उमेरको फरक केबल ६ वर्ष हुन सक्छ ? यस्तो विवेकहिन फैसला गर्न कुन विषयले काम गऱ्यो ?

पहिलो कुरा नक्कली छोरीहरुलाई नागरिकताको सिफारिश दिनेविरुद्ध छानविन हुनुपर्छ । दोस्रो नागरिकता दिने अधिकारीविरुद्ध पनि कारबाही हुनुपर्छ । अदालतको त्रुटीपूर्ण फैसला छ । यस्तो त्रुटीपूर्ण फैसला गर्ने न्यायाधीशलाई पनि न्यायपरिषद्ले अनुसन्धानको दायरामा ल्याउनुपर्छ । नेपालको न्यायप्रशासनप्रति विश्वास र भरोसा जगाउनका लागि यस्ता त्रुटी र कमजोरी गर्नेविरुद्ध कारबाही हुनुपर्छ ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सार्वजनिक जग्गा हडप्नेविरुद्ध केही महत्वपूर्ण निर्णय लिएका छन् । अरु कतिपय निर्णय पनि उनका उत्कृष्ट भएको भन्दै प्रंशसा भएको छ । उनकै कामले गत वर्ष रुपन्देही जिल्ला प्रशासन कार्यालय नेपालमै उत्कृष्ट हुन सफल भयो । अब यो घटनाको अनुसन्धान कसरी हुन्छ भन्ने व्यग्र प्रतीक्षा छ । यो घटनामा उनी मौन बसे भने उनीप्रति नागरिक समाजले प्रश्न उठाउने छ । नागरिकता छानविन गर्न प्रमुख जिल्ला अधिकारीको निर्णायक भूमिका हुन्छ ।

# जिगतढी युद्धमा कर्णेल उजिरसिंह थापा, सुवेदार मनिराज मास्के र स्थानीयको भूमिका



झपेन्द्र जिसी

*यसरी नै बुटवलमा मननारायण मन्दिरबाट मननारायणको रथ बजारभरि परिक्रममा गराउन, नित्य पूजा आजा गर्न, भण्डारा लगाउन, मन्दिर र मन्दिर परिसरका पार्टी पौवा आदि निर्माण समेत मनिराजले करिब १४२ विगाहा जग्गा, विनायकपुर, मोतीपुर, हरिहरपुर आदिमा जग्गा मननारायण गुठीको नाममा राखेको प्रतिलिपि गुठी संस्थानबाट प्राप्त भएको छ ।*

१. प्राचीन कालमा नेपाललाई रुद्रदेश, शैव देश, किन्नर देश आदि भनिन्थ्यो भन्ने पुराण आदिमा पाइन्छ । त्यतिखेर यहाँ प्राकृतिक धर्म संस्कृति थियो । निरञ्जन निराकार धर्म संस्कृति थियो ।

२. निरञ्जन निराकार धर्म संस्कृतिको स्थान जातिपाति र विभिन्न साम्प्रदायिक धर्म संस्कृतिले लिएपछि त्यसका विरुद्ध कपिलवस्तु तिलौराकोट क्षेत्रको लुम्बिनीमा सिद्धार्थ गौतमको जन्मपछि साम्प्रदायिक धर्मसंस्कृतिको विरुद्ध समाजलाई एकीकृत र सबैलाई सम्मान र सवल बनाउनका लागि गौतम सिद्धार्थले बुद्ध दर्शन धर्म र संस्कृतिको प्रतिपादन गर्नु भएको हो । यो धर्म दर्शनका प्रतिपादन पनि यसरी नेपालभित्रै भएको थियो ।

३. पूर्व मध्यकालमा आइपुग्दा काम रुपदेखि कर्तृपुर । सतलज सम्म विस्तृत नेपाल देश विभाजित भएको इतिहास छ ।

४. मध्यकालमा हालको तिब्बत खारी प्रदेश खशान क्षेत्र र हुम्ला, जुम्लाका राजा नागराजले खारीबाट राजधानी जुम्लाको सिंजा कायम गरी शासन गर्न थाले ।

५. यो राज्य पनि सतलजदेखि त्रिशुलीसम्म विस्तृत भएको थियो । यही बेला खशान क्षेत्र जुम्लाबाट खश कुराको उत्पति भयो, जुन खश कुरा अहिले नेपाली भाषाको रुपमा विकसित र विस्तृत छ । यो भाषा लोक भाषा हो । लोक भाषा भएकाले यो भाषामा लोक साहित्य, उखान, टुक्का आदि पर्याप्त मात्रामा छन् । लोक साहित्य र उखान टुक्का कुनै व्याकाचार्यले दरबारमा बसेर वा कारखानाबाट उत्पति गरेको भाषा होइनन, त्यसैले जहाँ जहाँ नेपाली जाति अस्थायी रुपमा वा स्थायी रुपमा बसोबास गरेका छन्, त्यहाँ त्यहाँ नेपाली लोक गीत घन्केको छ । लोक भाषा वा नेपाली भाषा विकसित र विस्तृत र सम्पर्क भाषा र भावना आदानप्रदान गर्ने भाषा बनेको हो ।

६.तर नागराजले खशान क्षेत्रबाट सुरु गरेको एकीकरण अभियान रोकियो । वि.सं. १८६१ मा आइपुग्दा खशान देश विभाजित भयो । जो जसलाई स्थान स्थानमा दरादरामा द्वारपालका रुपमा राखिएका सरदारहरु थिए, उनीहरुले आफूलाई राजा घोषणा गरी शासन गर्न थाले ।

७. राप्ती नदी पश्चिम २२ राज्य र राप्ती पूर्व त्रिशुलीसम्म २४ राज्य कायम भए, बाइसे र चौबिसे राज्य भनेको नै यही हो ।

८. तर, गोर्खा, काठमाडौं उपत्यकाभित्र कान्तिपुर, भक्तपुर, ललितपुरलगायत राज्यहरु थिए । यी सबै ठालु सामन्त मल्लहरुले चलाएका राज्य हुन् । काठमाडौं पूर्व पनि त्यस्तै अन्य स्वतन्त्र राज्यहरु थिए ।

९. राज्य विभाजित भए पनि त्रिशुलीदेखि पश्चिम सतलजसम्म नै धर्मको कुरा गर्ने हो भने बुद्ध धर्म सनातनी धर्मको रुपमा थियो र भाषा त नेपाली सम्पर्क भाषा र गीतगानको भाषा बनेको देखिन्छ ।

१०. नेपालको भाषा साहित्य, संस्कृतिको विकास पश्चिम नेपालबाट सुरु भई पूर्वतिर सर्ने क्रम रहेकोले उपत्यकाको मल्लकालमा अभिलेखहरुमा समेत नेपाली भाषामा समेत प्रस्तर अभिलेखमा नेपाली भाषा प्रयोग गरेको पाइन्छ ।

११. गोरखाका राजा पृथ्वीनारायण शाहमा वि.सं. १८०० देखि ठूलो भूभागको राजा हुन् भन लाग्यो । त्यसैले उनी राजा भएको लगत्तैपछि नुवाकोट बेलकोट, मकवानपुर आदि राज्यलाई गोरखामा विलयन गर्न थाले । वि.सं. १८२४ सम्म आइपुग्दा भारतमा व्यापार गर्ने निहुँमा प्रवेश गरेका अंग्रेजहरुले भारतीय धेरैजसो राजा रजौटालाई लगभग ब्रिटिस भारत उपनिवेशमा गाभिइसकेका थिए ।

यता गोरखालीले पनि छिमेकी राज्यहरुलाई गोरखाराज्यमा विलय गर्न थालेपछि कान्तिपुरका राजा जयप्रकाश मल्ल पनि निकै तर्सिएका र आतंकित थिए । त्यसैले राजा जय प्रकाशले अंग्रेज गर्भनरसँग सैन्य सहयोग मागी चिठी पठाए । अंग्रेजले पनि पृथ्वीनारायणको शेखी झार्न र गोर्खालीलाई युद्धको स्वाद चखाइदिने उद्देश्यले जय प्रकाशको सहयोगार्थ १८२४ मा सिन्धुलीगढीको बाटो विशाल फौज पठाइदियो । अक्टरलोनीको नेतृत्वमा ढुङ्गेबाँस हुँदै आएको ब्रिटिस सैन्य शक्ति पौवा गढी वनको बीचमा आइपुग्दा वंसु गुरुङ् अथवा शिकारी गुरुङले अरिङगालको गोलामा गुलेलीले मट्याङ्ग्राले हाने । कालो अरिङ्गालले आक्रमणकारी फिरङ्गीलाई टोकेर हैरान बनायो र कतिपयलाई ठहरै माऱ्यो भने, कति त्यहाँबाट भागाभाग भए । कतिपय सेनालाई जुटाएर अक्टोरलोनीले पौवागढीदेखि पश्चिम, बेचल्तीको बाटोबाट उत्तरी डाँडातिर लगे । अंग्रेज फौज डाँडाबाट ओरालै खुर्कोटतिर गयो । फेरि त्यही बेला खास सिन्धुली गढीमा तैनाथ नेपाली सेनाले खुर्कोटतिर ओरालो झर्दै गरेका अंग्रेज सेनालाई प्रहार गर्दा थुप्रै आक्रमणकारी गोली लागेर र भीरबाट लडेर मरे । यो युद्ध प्रत्यक्ष अंग्रेज सेनासँग भएको युद्ध थिएन, यो त नवाव गुरगिनखाँको फौजसँग भएको युद्ध थियो ।

१२. राजा ठूलो श्रीपेच लाउने ठूलो राजा हुने त्यसका लागि ठूलो भूभाग बनाइदिने कुरा क्रमशः हराएर बलियो राज्य बनाउनुपर्छ भन्ने भावना नेपाली सपुतहरुमा आइसकेको थियो ।

१३. पृथ्वी नारायणको देहान्त पनि ब्रिटिशलाई हराएर वा हटाएर नेपाली राष्ट्रियता, भाषा, साहित्य, संस्कृति र सभ्यताको संरक्षण र विकास गर्नुपर्छ भन्ने विचार भावना, नेपाल आमाका सन्ततिहरु सेनापतिहरुमा राम्ररी चेत आयो ।

१५.वि.सं. १८६१ मा राजा रणबहादुर शाह र नेता जनरल, मुख्तियार भीमसेन थापाको रणनीतिक योजना बमोजिम पाल्पा राज्य नेपालमा विलय भयो । जबकि यतिबेलासम्म नेपाली सैन्य शक्तिको पहुँच सतलजसम्म भइसकेको थियो ।

पाल्पा राज्य नेपालमा विलय भएपछि पाल्पाली सेन राजाका भारदारहरु गोरखपुर निचरौलस्थित ब्रिटिस क्याम्पका हाकिम, मजिस्ट्रेर मेजर ब्राड शाहसमक्ष शरणागत भए । ब्रिटिसलाई उचाल्न थाले ।

१६. यसको लगत्तैपछि सन् १८१४ अप्रिल २२ मा शिवराज गढी अर्थात् शिवराज गढीदेखि पश्चिम कणाली नदीसम्म ३ ठाना र नारायणी नदी देखियता पश्चिम वाणगंगासम्मको लागि एक ठाना अर्थात् जम्मा ४ ठाना चौकी स्थापना गरी कर प्रशासन सञ्चालन गर्न थाल्यो । अर्थात् कर उठान थाल्यो । हाकाहाकी सात समुन्द्र पारिको अंग्रेजका गुलाम इण्डियन सिपाहीले अर्काको देशमा आइ शासन गर्न थालेकोमा के-कस्तो कदम चाल्ने हो भनी केन्द्रीय प्रशासनलाई सोधनी गर्दा आफ्नो जमिन सैन्य कारबाही गरी फिर्ता लिने, ठाना चौकी ध्वस्त पारी फिर्ता लिने, ठाना चौकी ध्वस्त पारिदिने आदेश आएपछि पाल्पाली प्रशासक जरनेल काजी अमरसिंह थापाको नेतृत्वमा जगदेव भण्डारी, मनिराज मास्के, करबर पाँडे आदिले सैन्य कारबाही गरी विजय हासिल गरे । शत्रु पक्षका ६ जना मारिए भने १८ जना घाइते भए ।

१७.आफ्नो शक्तिको दम्भले फुलेको अंग्रेज गभर्नर मरक्युस अफ हेस्टिङसले २५ दिनभित्र नारायणीदेखि कर्णालीसम्मको भूभाग फिर्ता गर्न २५ दिने अल्टिमेटम दियो । नेपाल पक्षले आफ्नो भू-भाग दिने त कुरै थिएन, त्यसैले २५ दिन गुज्रेपछि दक्षिणतिरबाट नेपालमा ५ ठाउँबाट सैन्य आक्रमण गर्ने भए । नारायणीदेखि कर्णालीसम्म छोटकरीमा भन्दा यसको प्रमुख प्रशासनिक केन्द्र पाल्पा तानसेन भएकोले यस बुटवल पाल्पा क्षेत्रको कमाण्डिङ २० वर्षे युवा कर्णेल उजिरसिंह थापा भीमसेन थापाका भतिज, नयनसिंह थापाका छोरा अमर सिंह थापाका नाति । कर्णेल उजिरसिंह थापालाई नयाँ सबुज गठन गर्ने र सेनराजाकालीन नेपाल पक्षधर भारदारलाई खान्गी र पदवी वृद्धि गर्ने अख्तियारसहित वि.सं. १८७१ कात्तिकको २६ गते पठाएका थिए । सोही बमोजिम कर्णेल उजिरसिंह थापाले बर्तुङ निवासी पं. चिन्तामणि भट्टराईलाई बुटवल नारायण मन्दिरको पूजारीमा थमौती र खान्गी वृद्धि तथा तानसेन ठाडो गल्ली शीतलपाटी निवासी, बुटवल, मोतीपुर विनायकपुर तथा हरिहरपुर नेवारिया घाटलगायत निकै धेरै जग्गा जमिन समेत भएका मीनराज मास्केको देशभक्तिपूर्ण भावना र प्रतिबद्धता र मोही रैती किसानसँगको हार्दिक सम्बन्ध, इण्डिया ब्रिटिस शत्रुपक्षतर्फको तीब्र घृणा र आक्रोशलाई कदर गरी नेवार समुदायबाट पहिलो सैनिक पदमा भर्ती गरियो छोटो अवधिमै सुवेदारमा प्रमोशन गरिदिएका थिए । युद्धका बेला नेपाली सेना र गैर बर्दीधारी झारा सेना लडाकाहरुलाई रसद पानी समेत उनै मनिराजले निःशुल्क उपलब्ध गराएका थिए । देशका लागि महात्याग गर्न सक्ने गरेका मनिराजको कदर गरी कर्णेल उजिरसिंहले उनलाई फौजदारीको (रसद पानी दिने) जिम्मा दिएका थिए । उनले बुटवल निमचोकबाट सैन्य जवानलाई रासन वितरण गर्ने गरेको इतिहास छ ।

जितगढी युद्ध हुँदा खट्टे मकै जावेमा राखेर झारा सेनाले ल्याउने कुरा एउटा पक्ष हो । त्यो पनि भयो तर प्रमुख रुपमा सैन्य सिपाहीको भोक मोचनको जिम्मा त मनिराज नै लिएका हुँदा यस युद्धमा अन्न पानीको अभाव भएन ।

वीरहरु युद्ध लडे, युद्ध जिते । जितेपछि मनिराज मास्केले आफूले युद्ध पहिल्यै स्थापना गरेको नारायण मन्दिर, पाटी, पौवा, पर्खाल मर्मत सम्भार, जात्रा र भण्डारा लगाउन अनि आफ्नो १४२ विगाहाभन्दा बढी तराईको जग्गा मन नारायण गुठीको स्थापना गरी राखेको पाइन्छ । (स्रोतः गुढी जग्गा र मालपोत विभाग, मालपोत कार्यालय, भैरहवा)

**निचोडः**

महाकाली पश्चिम र मेची पूर्वको नेपाली भूमि बैरीको पोल्टामा गयो तर यहाँ यस क्षेत्रको भूमि जुन ढाडको रुपमा रहेको थियो । त्यो भू-भाग नेपालसँग रही रह्यो । ढाड भाँचिएको भए वा नेपाल र नेपालीको अस्तित्व रहने थिएन, विश्वमान चित्रबाटै नामेट हुने थियो ।

अंग्रेजतर्फबाट खटाइएको मेजर जनरल सुलिभान उडले २ पटक अत्याधुनिक शस्त्र अस्त्रले सज्जित विशाल सैन्य फौजले आक्रमण गरेको तर दुवै पटक हारेर फर्कन बाध्य भए ।

यो युद्ध नेपालले जित्नुका पछाडि केही विशेष कारण छन्,

क) कुशल नेतृत्व

ख) रैती दुनियाँसँगबाट कर्णेल उजिरसिंहले सहभागिता जुटाउन सक्नु वा जनसहभागिता भएकै कारण जितियो ।

ग) सुवेदार मनिराज मास्के जस्ता दिलदार जमिनदारले युद्ध जित्न, देश बचाउन आफ्नो ज्यान र सारा ऐश्वर्य श्री सम्पत्ति खर्च समर्पण गर्न तयार हुनु ।

युद्धमा विजय प्राप्त भएपछि कर्णेल उजिरसिंहले पाल्पा, तानसेनमा भगवतीको मन्दिर विधिपूर्वक स्थापना गरेर हरेक भाद्र कृष्ण जन्माष्टमीका राति भगवतीको रथयात्रा मन्दिर प्राङ्गणमा गराउने र भोलिपल्ट नवरात्रिका दिन विशेष मुर्हुतमा रथलाई जङ्गी निजमती कर्मचारी, सामाजिक संघसंस्थाका प्रतिनिधिहरु र जनताको व्यापक सहभागितामा हर्ष बढाइका साथ तानसेन बजार परिक्रमा गर्ने संस्कृतिको सुरुवात गराए र जुन रही आएको छ ।

यसरी नै बुटवलमा मननारायण मन्दिरबाट मननारायणको रथ बजारभरि परिक्रममा गराउन, नित्य पूजा आजा गर्न, भण्डारा लगाउन, मन्दिर र मन्दिर परिसरका पार्टी पौवा आदि निर्माण समेत मनिराजले करिब १४२ विगाहा जग्गा, विनायकपुर, मोतीपुर, हरिहरपुर आदिमा जग्गा मननारायण गुठीको नाममा राखेको प्रतिलिपि गुठी संस्थानबाट प्राप्त भएको छ ।

# पाँच सय बढीमा डेङ्गी सङ्क्रमण

चितवन । जिल्लाका विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये पाँच सय ८८ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । अस्पतालमा आएका बिरामीमध्ये दुई हजार तीन सय ९४ जनाको परीक्षण गर्दा पाँच सय ८८ जनामा डेङ्गी सङ्क्रमण देखिएको हो ।

सङ्क्रमितमध्ये चार सय १७ चितवनका छन् भने एक सय ७१ जना जिल्लाबाहिरका रहेका जनस्वास्थ्य कार्यालय चितवनका भेक्टर कन्ट्रोल निरीक्षक राम केसीले जानकारी दिए । उनका अनुसार लामखुट्टेको टोकाइबाट यो रोग लाग्ने गर्दछ । उनले भने-"सूर्य उदाएको दुई घण्टा अघि र अस्ताउने समयमा दुई घण्टा अघि लामखुट्टेले टोक्ने गर्छ । त्यो समयमा लामखुट्टेको सम्पर्कमा जो बढी गयो त्यसैलाई सङ्क्रमणको जोखिम रहन्छ ।"

साउनयता जिल्लाका सात पालिकामध्ये इच्छाकामना गाउँपालिकामा दुई सय ३६ जनामा डेङ्गी सङ्क्रमण देखिएको छ । यस्तै, भरतपुर महानगरपालिकामा एक सय सात, खैरहनीमा ११, रत्ननगरमा ४९, माडीमा तीन, राप्तीमा तीन र कालिका नगरपालिकामा आठजनामा सङ्क्रमण देखिएको केसीले जानकारी दिए । उनका अनुसार जिल्लामा भेटिएका सङ्क्रमितमध्ये दुई सय २५ महिला र एक सय ९२ जना पुरुष छन् ।

वर्षा हुने र घाम लाग्ने हुँदा लामखुट्टेका लागि अनुकूल वातावरण बन्ने भएकाले विशेषगरी भदौ, असोजमा डेङ्गी रोग देखिने गरेको केसीले बताए । उनले भने-"अहिले साउनको सुरुआतदेखि सङ्क्रमण देखिन थालेको छ ।"

यो रोग एडिस जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने गर्दछ । बर्सातको महिनासँगै जतातत‍ै पानी जम्न थालेपछि यो रोगको प्रकोप हुने गरेको उनले जनाए । यो लामखुट्टेले प्लास्टिक, टिनका डब्बा, ड्रमहरु, थोत्रा वा पुराना टायर, गमला, कुलरमा जम्मा भएको सफा पानी, खुल्ला पानीको ट्याङ्की, आदिमा फुल पार्ने गर्दछ । यी ठाउँमा जम्मा भएको पानीलाई सफा नगर्दा रोगको प्रकोप बढ्ने निरीक्षक केसीले जानकारी दिए ।

डेङ्गी रोगको ज्वरो पाँचदेखि सात दिनसम्म रहन सक्ने उनले बताए । यो रोग लाग्दा आँखाको गेडी तथा टाउको दुख्ने, शरीर कट्कटी दुख्ने, जोर्नी, हड्डी तथा मांसपेशीहरु दुख्ने, शरीरमा बिमिरा आउने र रक्तस्राव हुने, उच्च ज्वरो आउनेलगायत लक्षण देखापर्छ ।

यस्तै, वाकवाकी लाग्ने, बान्ता हुने, पेट दुख्ने, नाक वा गिजाबाट रगत बग्ने, रक्तस्राव हुनेजस्ता लक्षण देखापर्ने केसीले बताए । डेङ्गी ज्वरो विषाणुका कारण हुने भएकाले यसको निश्चित उपचार भने नहुने उनको भनाइ छ । डेङ्गीबाट बच्ने मुख्य उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेको जनस्वास्थ्य कार्यालय चितवनले जनाएको छ ।

# बिरे नुन - ग्यास्ट्रिक मात्र होइन धेरै खालका समस्या समाधान



ग्यास्ट्रिकले तपाईं पनि हैरान हुनुहुन्छ भने यसको समाधानका लागि विभिन्न उपाय अपनाउनु भएको होला । ग्यास्ट्रिकका लागि बिरेनुनले फाइदा पुग्छ ।

ग्यास्ट्रिकलाई मात्र होइन बिरे नुनले धेरै खालका समस्या समाधान हुन्छ । बिरे नुन धेरै खालको रोगमा घरेलु उपचारको लागि प्रयोग गर्ने गरिन्छ । आयुर्वेदमा त यसको धेरै औषधिहरुमा प्रयोग हुन्छ । सेतो नुनको सट्टा थोरै मात्रामा बिरेनुनको प्रयोग गर्न सकियो भने यसले फाइदा पुग्छ ।

बिरेनुन प्राकृतिक नुन हो । यो हिमाली र पहाडी क्षेत्रमा डाँडापहराबाट निकालिन्छ ।

नियमित सेवनले बाथ, पित्त र कफलाई समेत नियन्त्रणमा राख्ने काम गर्छ । बिरेनुनको प्रयोग विषेशगरि पेटसम्बन्धी रोगमा बढी मात्रामा प्रयोग हुने गरेको भए पनि यसले उच्च रक्तचापका बिरामीलाई पनि बिरे नुनले निकै फाइदा पुग्छ । यो नुनमा सोडियमको मात्रा कम हुने भएकाले उच्च रक्तचापका बिरामीलाई फाइदा पुग्छ ।

बिरेनुनको प्रयोगले ग्यास्ट्रिक, कब्जियत, अम्लीयलगायतका समस्याबाट बच्न सकिन्छ ।

पेट दुखेको, झाडापखला लागेको, पेट ढुस्सिएको आदी बेलामा यसको प्रयोग गर्ने गरिन्छ । खाना पचाउनमा बिरेनुनको महत्वपूर्ण भूमिका हुन्छ । विशेष गरी ग्यास्ट्रिक भएकाहरुले नियमित रुपमा बिरे नुनको प्रयोग गर्न आवश्यक छ ।

बिरेनुनमा सल्फर, आइरनलगायतका शरीरलाई आवश्यक खनिज तत्व प्रशस्त मात्रामा हुन्छ । जसको कारण मोटोपना, खराब कोलेस्ट्रोल, श्वासप्रश्वाससम्बन्धी समस्याबाट बचाउने काम गर्छ । त्यस्तै, यसको सेवनले मधुमेह, आर्थराइटिस, प्यारालाइसिस, एनिमिया, रक्तश्राव, कपाल झर्ने, जोर्नी दुख्ने र आन्द्रासम्बन्धी समस्यालाई पनि नियन्त्रण गर्नमा भूमिका खेल्छ । यसले धातुबाट हुने असरबाट पनि बचाउँछ । त्यस्तै, छालालाई नरम, स्वस्थ, सुन्दर राख्न पनि मद्दत गर्छ ।

यसको सेवनले कुष्ठरोग, एक्जिमा वा छालासम्बन्धी रोगबाट समेत टाढा रहन सकिन्छ । तातो पानीमा मिसाएर बिरे नुनलाई पिउँदा फाइदा पुग्छ भने मनतातो पानीमा बिरेनुनको मिश्रण गरी नुहाउँदा निकै लाभदायक हुन्छ ।

दाँत, गिजा, जिब्रो, घाँटी आदिमा समस्या उत्पन्न भएमा तोरीको तेलमा बिरेनुनको मिश्रण गरी सफा गर्न सकिन्छ । यसले दाँतलाई चम्किलो बनाउनुका साथै मुखसम्बन्धी अन्य समस्याबाट पनि मुक्त हुन सहज हुन्छ ।

दिसा पातलो हुने समस्या भएमा प्याजलाई मसिनो गरी काटेर बिरेनुन र कागतीको रस एक चम्चा मिसाई प्रयोग गर्दा तत्कालै राहतको महसुस हुन्छ । पेटमा ग्यास भरिएको बेलामा मनतातो पानीमा बिरे नुन राखेर दिनमा तीनपटक खाँदा यसले फाइदा पुग्छ ।

कालो नुनको प्रयोगले भोक बढाउँछ । खाना सजिलै पच्छ । यसैले शरीरले उर्जालाई राम्रोसँग प्रयोगगर्न पाउँछ । यदि कम भोक लाग्ने समस्या छ भने कालो नुनमा सलाद, दही, मोही, कागतीपानीसँगै प्रयोग गर्न सकिन्छ । यसबाट शरीर पनि स्वस्थ राख्न सकिन्छ र सोडियमको मात्रा पनि बढ्दैन ।



**भेडाको दूध दुहुँदै भेडीगोठाला**

चार हजार ५८० मिटरको उचाइमा अवस्थित रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिकाको माजिलामा रहेको भेडीगोठमा भेंडाको दूध दुहुँदै भेडीगोठाला। उनीहरु भेडाको दूध, दही र खुवा खानाको रुपमा प्रयोग गर्छन् भने घ्यू विभिन्न रोगको औषधि हुने भएकाले महङ्गोमा बिक्री गर्छन्। तस्विरः कुलदीप न्यौपाने/रासस

# अनुत्पादक क्षेत्रमा खर्च हुँदै 'रेमिट्यान्स'

अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-१० का वसन्त रानाभाटको २०८० फागुन १३ गते दुबईमा मृत्यु भयो। उनको मृत्यु भएपछि श्रीमती लक्ष्मी केसी रानाभाटले नगरपालिकामा क्षतिपूर्तिका लागि निवेदन दिइन। नगरपालिकाको रोजगार शाखाले उनलाई रु सात लाख क्षतीपूर्ति दियो।

सन्धिखर्क नगरपालिका-७ का मधुकुमार केसीको २०८० पुस ८ गते मृत्यु भयो। उनकी श्रीमती निमकला केसीले पनि क्षतीपूर्ति माग गरी सन्धिखर्क नगरपालिकामा निवेदन दिइन र उनले पनि रु सात लाख प्राप्त गरिन्। अर्घाखाँचीका ५५ हजारभन्दा बढी मानिस श्रम स्वीकृति लिएर विदेशमा काम गर्न गएका छन्। युरोप, अमेरिका, अष्ट्रेलिया, जापानलगायत देशमा जाने युवायुवतीको संख्या यसमा समावेश गरिएको छैन। गैरकानुनी ढङ्गले जाने, प्रक्रिया पूरा नगरी वा पर्यटन भिसामा जाने तथा अध्ययन भिसामा जानेहरुको तथ्याङ्क कतै भेटिँदैन। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको साझेदारीमा काम गरिरहेको सुरक्षित आप्रवासनका लुम्बिनी प्रदेश संयोजक जियाउल हकका अनुसार पछिल्लो तीन वर्षमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका अर्घाखाँचीका ४७ जनाले ज्यान गुमाएको तीमध्ये नौजनाको यसै वर्ष मृत्यु भएको हो। ७४ जना गम्भीर बिरामी परेका तथा अङ्गभङ्ग भएका छन्। अर्घाखाँचीबाट आर्थिक वर्ष २०७९/०८० मा छ सय ३३ महिलासहित नौ हजार पाँच सय २६ जना रोजगारीका लागि विदेश गएका थिए। चालु आर्थिक वर्षको ज्येष्ठ मसान्तसम्म आठ हजार एक सय ७५ जनाले वैदेशिक रोजगारीका लागि देश छाडेको सुरक्षित आप्रवासनका अर्घाखाँची शाखाका सहजकता अम्बिका बेल्वासेले बताइन्।

अर्घाखाँचीमा अहिलेसम्म वैदेशिक रोजगारीसम्बन्धी ठगीका १० वटा उजुरी परेका छन्। यीमध्ये चार उजुरीको छिनोफानो भएको छभने छवटा प्रक्रियामा रहेका छन्। ठगी गर्नेहरुबाट रु १० लाख ४६ हजार पीडितलाई फिर्ता गराइएको प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीले बताए। आव २०६३/६४ सालयता गएको वैशाख मसान्तसम्म ७७ लाख २० हजार सात सय आठजनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागको तथ्याङ्कमा उल्लेख रहेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए। गत आव २०७९/८० मा सात लाख ७१ हजार तीन सय २७ जना रोजगारीका लागि विदेश गएका थिए। यो संख्या गएको १७ वर्षयताको उच्च हो। चालु आवको ज्येष्ठ मसान्तसम्म छ लाख नौ हजार छ सय ९९ जना कामका लागि विदेश गएका थिए। अहिलेसम्म विदेश जानेहरुमध्ये ९३ प्रतिशत मलेसिया तथा खाडी मुलुकमा गएका छन् भने बाँकी सात प्रतिशत जापान, बहराइन, कोरिया, क्रोएसियालगायत देशमा छन्। विदेशबाट पठाएको पैसाको ७२ प्रतिशत रकम घर खर्चमा गएको राष्ट्रिय तथ्याङ्क कार्यालयले जनाएको छ। यस्तै, १५.८ प्रतिशत रकम ऋण तिर्न, ४.६ प्रतिशत छोराछोरीको अध्ययन र १.९ प्रतिशत रकम घरजग्गामा खर्च भएको छ। यसको १.९ प्रतिशत रकम बचत गरिएको छ। नेपालभरका ५६ प्रतिशत घरपरिवार र लुम्बिनी प्रदेशका ८९.६ प्रतिशत घरपरिवारले 'रेमिट्यान्स' प्राप्त गर्छन्।

अर्घाखाँची विदेशबाट पैसा आउने जिल्लामध्ये अग्रपङ्क्तिमा आउँछ तर त्यो पैसा उत्पादनशील क्षेत्रमा लगाउने वातावरण नहुँदा श्रम बेच्ने मानिस उत्पादन गर्ने काम मात्र भइरहेको छ। साथी बचत तथा ऋण सहकारी र अर्घाखाँची जिल्ला बचत तथा ऋण सहकारी सस्थाले दुई वर्षअघि गरेको अनौपचारिक सर्भेक्षणअनुसार जिल्लामा भित्रिएको रेमिट्यान्स (विप्रेषण) को ८० प्रतिशत रकम विलासिता र अनुत्पादक क्षेत्रमा खर्च हुन्छ।

स्थानीय सरकारले व्यवसाय र स्वरोजगारमुखी कार्यक्रम ल्याउन नसक्दा पनि रेमिट्यान्सको पैसो बाहिर जाने गरेको छ। केही गर्ने खालको युवा जनशक्तिलाई अर्काको देश पठाएर आएको पैसोको सदुपयोग गर्ने खालको योजना कुनै पनि पालिकाको छैन।

वार्षिक झन्डै रु साढे सात अरब अर्घाखाँची भित्रने गरेको छ। त्यसमध्ये तीन अर्ब अर्थात् ४० प्रतिशत रकम दैनिक उपभोग्य सामग्री, खानपान, मोटरसाइकल, कार, इन्धन, लत्ताकपडा, मोबाइल, सञ्चार तथा टेलिफोनमा खर्च हुने गरेको छ। ४० प्रतिशत रकम अर्थात् तीन अर्ब उत्पादन नहुने क्षेत्र अर्थात् घडेरी र घरमा खर्च हुने गरेको अर्घाखाँची जिल्ला बचत सहकारी संस्थाका अध्यक्ष तथा साथी बचत तथा ऋण सहकारीका अध्यक्ष प्रकाश भुसालले जनाए। उनका अनुसार जिल्ला सदरमुकाम, कपिलवस्तुका विभिन्न भाग तथा रुपन्देहीको बुटबल, भैरहवा, दाङ, चितवन र काठमाडौँमा घर घडेरी किन्नेमा खर्च भएको छ। विदेशबाट आएको रकमको २० प्रतिशत मात्र कृषिफार्म, सानाहोटल, किरानापसल र ट्याक्सी तथा वस जस्ता उत्पादनशील क्षेत्रमा खर्च भइरहेको छ। तर यस्तो व्यवसाय गर्नेहरुले पनि बीचैमा व्यवसाय छाड्ने गरेका छन्। वैदेशिक रोजगारीमा गएका युवाले कमाएको पैसा विलासिता र दैनिक उपभोग्य सामग्रीमा खर्च भएकाले उक्त रकम उत्पादनमूलक कार्यमा खर्च गर्नुपर्ने खालको नियम नै बनाएर अगाडि बढ्न सकेमा मात्र उत्पादनशील क्षेत्रमा खर्च हुने सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठ बताउँछन्।

वैदेशिक रोजगारीमा युवाहरुलाई जानबाट रोक्न स्थानीय सरकारहरुले पनि काम गरिरहेका छन्। विदेशबाट फर्किएर गाउँमै कृषि र पशुपालन गर्ने युवाहरुलाई नगरपालिकाले प्राविधिक सहायताका साथै विभिन्न अनुदानका कार्यक्रम पनि सञ्चालन गरिरहेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसालले बताए। परम्परागत कृषि पेसालाई आधुनिक र प्रविधियुक्त बनाउन मिनीटिलर, कुटानी-पिसानी मिललगायत सामग्रीहरु किसानलाई हस्तान्तरण गरेको छ। विभिन्न तरकारीका बीउ, मल आदि पनि प्रदान गर्दै आएको छ।अर्घाखाँचीको शितगङ्गा नगरपालिकाले कृषि, पशुपालन, शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखेर आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट ल्याएको छ। आगामी आव २०८१/८२ को लागि रु ८६ करोड ८६ लाख ९० हजारको बजेट ल्याएको नगरपीलकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिए। शितगङ्गा कृषि, पशुपालनको लागि सम्भावना राम्रो भएको नगर हो। तराईका जिल्लासँग सिमाना जोडिएको यहाँको उत्पादन बुटवल, कपिलवस्तु, दाङसहित भारतीय सीमानाका कृष्णनगर हुँदै भारत निर्यात हुन्छ।

जङ्गली मौवाको फूल, स्थानीय रैथाने बाली र फलफूलबाट बनाइने रक्सीको ब्रान्डिङ गरिने लक्ष्य रहेको योजना अधिकृत नुमलाल खनालको भनाइ छ। शीतगङ्गा नगरपालिकाले कृषिजन्य बस्तु उत्पादन र बजारीकरणका लागि नयाँ योजना सञ्चालन गरेको छ। प्रत्येक वडामा कृषि सङ्कलन केन्द्र निर्माण गरिने पालिकाले जनाएको छ।

# मगर साहित्य महोत्सवबारे अन्तर्क्रिया

देवदह । आफ्नो कथा आफैं लेखौ भन्ने मूलमन्त्रका साथ सञ्चालन गर्न गईरहेको प्रथम मगर साहित्य महोत्सव-२०८१ सम्बन्धी देवदहमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

नेपाल मगर महिला संघ रुपन्देहीद्वारा मंसीर २१ र २२ गते हुने प्रथम मगर साहित्य महोन्सवको बारेमा अन्तर्क्रिया कार्यक्रम भएको हो।

मातृभाषा संरक्षण र सम्बर्द्धन गर्ने ध्यले प्रथम मगर साहित्यको आयोजना गरेको महोत्सव मूल आयोजक समितिका प्रवक्ता शंकर गाहाले बताए। देवदहमा भएको अन्तर्क्रिया कार्यक्रममा महोत्सवको बारेमा जानकारी दिँदै प्रवक्ता गाहाले महोत्सवमा ३ वटा मगर भाषामा कविता वाचन प्रतियोगिता हुने बताए। कविता वाचनले मगरहरुको मातृभाषा संरक्षण, सम्बर्द्धन टेवा पुग्नेमा गाहाले जोड दिए।

स्थानीय तहमा गठन भएका संघका पदाधिकारी, सदस्यहरु तथा आममगरहरुलाई जानकारी दिँदै महोत्सवको प्रचार प्रसार मुख्य उद्देश्य राखेर अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको उनले बताए। रुपन्देही जिल्लाको १६ वटै पालिकामा महोत्सवको बारेमा जानकारीसहित प्रचार प्रसार गर्ने अभियान रहेको मूल आयोजक समितिका प्रचार प्रसार संयोजक यम रानाले जानकारी दिए।

भाषा वि जातीय पहिचान स्थापित नहुने हुँदा प्रथम मगर साहित्यको माध्यमबाट मातृ भाषा, संस्कार, संस्कृतिको जर्गेना गर्न सकिनेमा प्रवक्ता गाहाले बताए।

कार्यक्रमको बारेमा जानकारी दिँदै प्रवक्ता गाहाले उद्घाटन दिन मगरका सांस्कृतिक भेषभूषा झल्किने पहिरनसहित ऱ्याली गर्ने, मातृभाषामा लेखिएका कविता प्रतियोगिता, मगर भाषामा लेखिएका किताब प्रदर्शनी, मगर लेखकहरुले प्रकाशन गरेको किताब विमोचन, मगर समुदाय, देश तथा समाजलाई महत्वपूर्ण योगदान दिएका मगर अगुवाहरुको चित्रकला प्रदर्शन, विभिन्न सांस्कृतिक कार्यक्रम गरिने बताए।

यसैगरी हरेक वर्ष उत्कृष्ट पुस्तकलाई आदिकवि जीतबहादुर सिंजाली र रेखबहादुर सारु मगर साहित्य पुरस्कार प्रदान गरिने र मगर समुदायमा योगदान दिएका एक जनालाई नेपाल मगर संघका पूर्व केन्द्रीय अध्यक्ष गोरेबहादुर खपाङ्गी पुरस्कार समेत प्रदान गरिने गाहाले जानकारी दिए। मगर तथा अन्य समुदायका अध्येता, अनुसन्धानता, लेखक, सामाजिक अभियन्ता तथा विज्ञहरुबाट विद्धृत प्रवचन समेत हुने जानकारी उनले गराए।

महोत्सवले निकालेको निष्कषर्णलाई दस्ताबेजको रुपमा किताव प्रकाशन गर्ने उनले जानकारी दिए।

नेपाल मगर महिला संघ रुपन्देहीका अध्यक्ष निर्मला थापाको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल मगर संघका केन्द्रीय अनुशासन आयोगका सदस्य जसबहादुर पुन, नेपाल मगर संघ रुपन्देहीका सदस्य शोभाकुमारी थापा, संघका देवदह नगर अध्यक्ष मनबहादुर राना, पदम थापा, खरसिं श्रीष, विन्दु थापा, भविन्द्र थापा, ताराबहादुर थापा, तिलविक्रम बुढाथोकी लगायतले आ-आफ्ना भनाइ राखेका थिए।

राधिका श्रीषको सञ्चालनमा भएको कार्यक्रममा देवदह क्षेत्रका मगर अगुवाहरुको सहभागिता रहेको थियो।

## सीडीयोको...

जनै चुंडिएपछि दुर्गाले किन जनै चुंडालिदिएको भन्दै रिसाए। रामआशिषले जानी जानी होइन, तपाईंलाई उठाउन खोज्दा हो भने। यसैमा दुई जनाबीच झगडा भयो। दुर्गाले रामआशिषलाई पनि छडले टाउकामा हानेर रक्ताम्य बनाए। उनीहरुबीच लडाई भयो। झगडा गरिरहेको ठाउँमा निर्माण कम्पनीको छड र जस्ता पाताका बण्डलहरु थिए। दुर्गा तिनै छड र जस्ता पातामाथि घोप्टो परेर बजारिएर गम्भीर घाइते भए।

'सोही राति दुर्गा दाइको मृत्यु भएको रहेछ,मैले अर्को दिन बिहान मात्र थाहा पाएं,' रामआशिषले भने-'हामी दाजु भाइ जस्तै मिलेर बसेका थियौं, कुनै रिसिइबी पनि थिएन, रक्सीले नै घटना भयो, दाइको ज्यानै गयो, म पनि ६ वर्ष जेल गएं, रुपन्देहीका सीडीयो नभएको भए म पनि यतिबेला मरिसकेको हुन्थें।'

घर हुँदासम्म मदिरा नखाएका रामआशिषले साउदी गएर मदिरा र मासु खान सिकेको बताए। 'रक्सीले दुःख दियो, नेपालमा नखानेहरु पनि विदेशमा गएर रक्सी खाएर बिग्रने रहेछन्,'-रामआषिसले भने -'कमाएर परिवारलाई राम्रो होला भनेर अर्काको देशमा गइन्छ तर रक्सी खाएर नगर्ने काम गर्दा धेरै मान्छे मरेका र दुख पाएका छन्, यस्तो नहोस्।'

हत्या अभियोगमा साउदीको ताबुक क्रिमिनल कोर्टले सन् २०२० को २० डिसेम्बरमा राम आशिषलाई ५ वर्ष कैद सजायको फैसला गऱ्यो। ५ वर्ष पछि दुवै जनाको परिवारको बीचमा ब्लडमनीमा सम्झौता नभए अन्तिम विकल्प फाँसी दिने पनि अदालतको फैसला थियो।

यो घटनाको खबरले घरपरिवारमा बज्रपात भयो। विपन्न आर्थिक अवस्थाको कारण श्रीमती रेनु कुमारी तीन छोरीहरुसहित गुजारा गर्दै आइरहेकी छन्। विपन्नताको कारण ३ छोरीहरुसमेत पढाइबाट वञ्चित छन्।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारी अर्यालले निजी क्षेत्रको साथ र सहयोगका कारण यादवलाई बचाउने प्रयास सार्थक भएको बताए। 'नतमस्तक छु, मृत्युदण्ड कुरेर बसेका यादव हाम्रो अगाडि छन्। मानवता बचाउने अभियानको सन्दर्भमा बन्दी जीवन बिताइरहेका र मृत्युदण्डको सजाय पाएका यादवले हाम्रो र सुरक्षा प्रमुखहरुको साथ, व्यवसायीहरुको सामाजिक दायित्ववोध र सीता शर्माको विशाल हृदयका कारण ६ वर्ष जेल सजाय काटेका रामआशिष यादव घर फर्किने वातावरण बनेको छ,' प्रजिअ अर्यालले भने-'परिवारले ५० लाख ब्लडमनी जम्मा गर्नसक्ने अवस्था नभएकाले रामआशिष फासीमा चढ्नुको विकल्प थिएन, तर मानवीय संवेदनशीलतासँग जोडिएर हामीले प्रयास गऱ्यौं, रुपन्देहीका व्यवसायीले साथ दिएपछि ज्यान जोगियो।'

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशको अध्यक्ष कृष्णप्रसाद शर्माले आर्थिक संकट झेलिरहेको वषम अवस्थामा पनि ४६ लाख जुटाउन ठूलो चुनौती भए पनि मानवताका हिसाबले रुपन्देहीका उद्योगी व्यवसायीले उक्त रकम जुटाएर रामआशिषको ज्यान जोगाएको बताए। 'एउटाको मृत्यु भइसकेको अवस्थामा अर्कालाई पनि मृत्युको बाटोमा जान दिनु हुँदैन भन्ने हाम्रो मान्यता थियो, ६ वर्ष जेलमा बस्दा रामआशिषले आफुले गरेको कर्मको सजाय भोगेको र उनको श्रीमती र छोरीहरुले दुःख नपाउन् भन्ने उद्देश्यले पनि रकमको जोहो गरिएको हो।' - शर्माले भने।

आफूले आशा मारिसकेको अवस्थामा रुपन्देहीका सीडीयो र यहाँका व्यवसायी आफ्नो लागि भगवान भएर आएको रामआशिषकी श्रीमती रेनो कुमारीले बताइन्। उनले अब श्रीमानलाई विदेश नपठाई यही परिवारसँगै केही गर्ने बताइन्।

**प्रजिअ अर्यालबाट भएको पहल**

काठमाडौंस्थित कन्सुलर विभागले १२ चैतमा जिल्ला प्रशासन कार्यालय रूपन्देहीलाई 'ब्लडमनी'मा सम्झौताका लागि पत्र पठायो। कन्सुलर विभागले पीडक र पीडितबीच ब्लडमनी सम्झौता भए/नभएको लेखेर पठाउन प्रशासनलाई भनेको थियो।

विदेशमै नेपालीलाई फाँसी हुने खबरसहितको पत्र हात परेपछि रुपन्देहीका प्रमुख जिल्ला अधिकारी अर्याल सोँचमा परे। रामआशिषलाई बचाउन सकिन्छ कि भनेर उनले चासो लिए। रेनुकी मामा प्रभु यादव रामआशिषलाई माफीको आशासहित रुपन्देही आए।

प्रजिअ अर्याल प्रभुलाई लिएर मृतक दुर्गाप्रसाद शर्माकी श्रीमती सीता शर्माको घर पुगेर मिलापत्रको प्रस्ताव राखे। 'सुरुमा उहाँले मान्नुभएको थिएन। त्यो स्वाभाविक पनि हो', प्रजिअ अर्यालले भने-'हामीले उहाँलाई धेरै प्रकारले आग्रह गऱ्यौं र मनाउन सफल भयौं।'

प्रजिअ अर्यालका अनुसार पटक-पटक अनुरोध गर्दा पनि तीन महिनासम्म कुरा मिल्न सकेन। कञ्चन गाउँपालिकाका अध्यक्ष, जिल्ला समन्वय प्रमुख उमाकान्त चपाईं, प्रजिअ अर्याललगायतको लगातारको प्रयासपछि सीताको परिवारले ५० लाख रुपैयाँ माग गऱ्यो।

'मृतक परिवारको पक्षबाट एकथरिले ब्लडमनीमा सहमति हुन सक्दैन, त्यसैले छिटो निर्णय लेखेर पठाइदिन दबाब दिइरहेका थिए,' प्रजिअ अर्यालले भने-'कसैको ज्यान लिने गरी चिठी लेखेर हस्ताक्षर गर्न सक्दिनँ भनेर अडान लिएपछि उहाँहरु जानु भयो। तीन महिनापछि आएर बल्ल ५० लाख दिने भए सहमति गर्छौं भन्नुभयो।'

सीताले ब्लडमनी बापत मागेको ५० लाख रकम जुटाउन धनुषामा रहेको यादव परिवारको लागि असम्भव थियो। प्रजिअ अर्यालले धनुषाका प्रजिअलाई सम्पर्क गरेर रामआशिषका लागि ब्लडमनी जुटाउन जिल्लामै पहल गर्दा सम्भव होला भनेर आग्रह गरे, तर त्यसलाई त्यति गम्भीरतापूर्वक नलिइएको प्रजिअ अर्यालको भनाइ छ।

धनुषामा बेवास्ता भएपछि रेनुकी मामा प्रभु जिल्ला प्रशासन कार्यालय रुपन्देही धाउन थाले। रुपन्देहीका प्रजिअले ब्लडमनीको कुरा उद्योग वाणिज्य महासंघ, लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्मा र सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठलाई भने। यसको लागि कोष बनाउने कुरा भयो।

तत्काल प्रजिअ अर्यालले ५० हजार, दुई जना सहायक प्रजिअ र रुपन्देहीका सुरक्षा निकायका तीन जना प्रमुखले जनही २५-२५ हजार रुपैयाँका दरले कोषमा जम्मा गरे। जिल्लाका ३० जना उद्योगी व्यवसायीबाट समेत ३६ लाख २५ हजार रुपैयाँ जम्मा भयो।

रामआशिष यादवकी श्रीमती रेनु कुमारीले आफ्नो भएको १५ धुर खेत, अढाइ धुरको घडेरी र त्यसमा बनेको फुसको घर बेचेर १० लाख रुपैयाँ जुटाइन्।

कर्मचारी र व्यवसायीबाट ३६ लाख २५ हजार र रामआशिषको परिवारको १० लाख गरी जम्मा ४६ लाख २५ हजार रुपैयाँ मृतक दुर्गाप्रसाद शर्माकी श्रीमती सीतालाई नगदै दिएपछि मिलापत्र भएको प्रजिअ अर्यालले बताए। '३ लाख ७५ हजार रुपैयाँ जुटाउन सकिएन। तै पनि मृतकका परिवार माफी दिन सहमत भयो।'- प्रजिअ अर्यालले भने।

त्यसपछि मंगलबार रुपन्देहीका प्रजिअको कार्यकक्षमा मृतकका परिवारलाई ब्लडमनी बापतको ४६ लाख २५ हजार रुपैयाँ असार २५ गते सीता शर्मालाई हस्तान्तरण गरियो।

उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेश अध्यक्ष कृष्णप्रसाद शर्माले पनि यो अभियान सफल भएको भन्दै खुसी व्यक्त गरेका छन्। 'राष्ट्रले नै नोटिस गर्नुपर्ने साँच्चिकै उदाहरणीय काम भयो।'- शर्माले भने।

## स्कुटर हराएको सूचना

ज्योति भुसाल (जय सरस्वती ट्रेडस) को नाममा रहेको स्कुटर मिति २०८१/०४/ १९ गते रातिको समयमा जिल्ला रुपन्देही तिनपा - वडा नं. ८ प्रगतिचोकस्थित विष्णु शर्मा भुसालको घर अगाडि पार्किङ गरी राखेको अवस्थामा हराएको हुँदा भेट्टाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहोला।

| | |
|---|---|
| **सवारी नं.** | लु ९३ प ८९३२ |
| **कम्पनीः** | होण्डा |
| **मोडेलः** | ग्रेजिया |
| **पावरः** | १२५ सिसि |
| **रंगः** | रातो |
| **च्यासिस नं. :** | ME4JF991BPW0486455 |
| **इन्जिन नं. :** | JF99EW0159993 |
| **सम्पर्क नं. :** | ९८५७०३२१६३ |

## काठ/दाउराको बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

तेस्रो पटक सूचना प्रकाशन मिति २०८१।०५।११

श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह, सुनवल ३ को वनबाट आ.व.०८०/०८१ मा उत्पादित समूहको घाटगद्दीमा विभिन्न लट कायम भएको साल र अन्य जात समेत गरी गोलिया थान ६१६ को ३७१०.६६ क्यूफिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गुर्नपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म, कम्पनी वा उद्योगले यो सूचना तेस्रो पटक प्रकाशित मितिले १५ दिनभित्र खरिद गरी १६ औं दिनभित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जनउदय सामुदायिक वन उपभोक्ता समूह**

**सुनवल- ३, किर्तिपुर,१ नवलपरासी (ब.सु.प)**

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# नारायणगढ-बुटवल सडकका ठेकेदार सम्पर्कविहीन

नवलपरासी । पूर्वपश्चिम राजमार्गको नारायणगढ-बुटवल सडकखण्ड विस्तार र स्तरोन्नतिको काम अलपत्र परेको छ । काम मात्र अलपत्र परेको होइन, ठेकेदार नै बेपत्ता भएका छन् । त्यसको जानकारी भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नै केही समयअघि दिएका छन् ।

पद बहाली भएको एक महिनाको अवधिमा हासिल भएका उपलब्धिबारे जानकारी दिन भदौ २ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा मन्त्री दाहालले निर्माण कम्पनी सम्पर्कमा नै नरहेको बताए ।

उनले उक्त खण्ड विस्तारको जिम्मा पाएका चिनियाँ कम्पनीका आधिकारिक व्यक्ति को हुन् भनेर खोज्न आयोजना प्रमुखलाई चीन पठाउनु परेको बताए । उनले आयोजनाको प्रमुख चीनमा गएर सडक विस्तारको काम छिटो सक्न आग्रह गरेर नेपाल फर्किसकेको जानकारी दिए ।

समयमा काम नसकिँदा गत साउन १० गते अन्तिम पटक भन्दै चिनियाँ ठेकेदार कम्पनीको म्याद एक वर्ष थपिएको थियो । त्यसपछि सडक विस्तारको कामले तीव्रता पाउनुपर्नेमा आकस्मिक रूपमा बन्द भएको सडक मर्मत गर्नुबाहेक अर्को विकल्प छैन । चिनियाँ ठेकेदार कम्पनीले आयोजनाका केही कामदार राखेर बाँकी सबैलाई चीन पठाएको छ ।

सडक विभागका अनुसार ठेकेदार कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ प्रालिले सरकारसँग थप रकम माग्दै सडक विस्तारको काम ठप्प पारेको हो । विभिन्न कारणले सडक विस्तार गर्दा घाटा बेहोर्नुपरेको भन्दै ठेकेदार कम्पनीले सरकारसँग थप दुई अर्ब रुपियाँ मागेको सडक विभागका आयोजना निर्देशक चूडाराज ढकालले जानकारी दिए ।

"आयोजनाले घाटा परेको भन्दै थप रकम मागिरहेको छ, तर सरकारले गर्दा घाटा भएको होइन । त्यसैले रकम थप्ने कुरा आउँदैन," निर्देशक ढकालले भने-"हामीले तत्काल काममा फर्कन भनेका छौँ तर म्याद थपिएपछि नै ठेकेदारको सडकमा उपस्थित छैन ।'' कम्पनीले सडक विस्तार गर्दा करिब सात अर्ब रुपियाँ घाटा लागेको दाबी गरेको छ । यसअघि सडक आयोजना पूर्वी खण्डका प्रमुख आशीष थापाले वर्षाको समय भन्दै कात्तिक १५ देखि मात्र काम सुरु गर्ने प्रस्ताव गरेको बताउनुभएको थियो तर काम नगर्नुको रहस्य भने अर्कै रहेको प्रस्ट भएको छ ।

सडक बस्ती क्षेत्रमा छ लेन र जङ्गल क्षेत्रमा चार लेन तथा दाउन्नेमा तीन लेन विस्तार गर्ने गरी एसियाली विकास बैङ्क (एडिबी) को ऋण सहयोगमा कुल १६ अर्ब ९९ करोड ५२ लाख रुपियाँ लागतमा सडक विस्तार भइरहेको हो । लागतको ८५ प्रतिशत रकम एडिबीले ऋण उपलब्ध गराएको छ भने बाँकी नेपाल सरकारकै लगानी हो । एडिबीले १.५ प्रतिशत



ब्याजदरमा ३२ वर्षमा चुक्ता गर्ने गरी ऋण उपलब्ध गराएको हो । २०७९ को साउन २२ मा बाटो विस्तारको काम सम्पन्न गर्ने गरी २०७५ माघ २४ गते सम्झौता भएको थियो, तर झन्डै छ वर्षमा ५२ प्रतिशत मात्र भौतिक प्रगति भएको छ ।

**भुक्तानी पाउनै सकस**

नौ महिनाअघि चिनियाँ ठेकेदार कम्पनीले समयमै रकम भुक्तानी नदिएको भन्दै क्रसर व्यवसायीहरूले नवलपुरका तत्कालीन प्रमुख जिल्ला अधिकारी कल्पना श्रेष्ठसँग गुनासो गरेका थिए । गुनासोपछि प्रजिअ श्रेष्ठले सार्वजनिक कार्यक्रममै तत्काल व्यवसायीको रकम भुक्तान गर्न चिनियाँ कम्पनीलाई आग्रह गरेका थिए ।

त्यसपछि कम्पनीले गएको तिहारमा केही रकम भुक्तान गरे पनि गिट्टी, ढुङ्गा, बालुवा, रड, सिमेन्ट आदिको ठूलो रकम पाउन बाँकी रहेको व्यवसायीको गुनासो छ । नेपाल ढुङ्गा, रोडा व्यवसायी समितिका अध्यक्ष भोजेन्द्र रायमाझीका अनुसार १० वटा चिनियाँ ठेकेदारबाट अझै ३५ करोड रुपियाँ भुक्तानी पाउन बाँकी छ तर व्यवयसायीले पहिले नै भ्याट रकम तिरिसकेकाले थप मारमा परेका छन् । सडक विभागका आयोजना निर्देशक चूडाराज ढकाल चाहिँ ३५ करोड नै भन्ने मान्नुभएन तर पनि व्यवसायीले ठुलै रकम भुक्तानी पाउन बाँकी रहेको बताए ।

व्यवसायी मात्र होइन, साना ठेकेदार र कामदारले पनि भुक्तानी पाएका छैनन् । नारायणगढ-बुटबल सडक खण्डको पश्चिम खण्डमा नदीजन्य पदार्थ ढुवानी गर्ने देव गाहामगरले पनि झन्डै साढे दुई करोड भुक्तानी नपाएको गुनासो गरे ।

दाउन्ने खण्डमा काम गर्दै गरेका मजदुरले पनि रकम नपाएको गुनासो गरेका छन् । "दिनभरि काम गरेर बालबच्चा पाल्नुपर्ने हुन्छ, ठेकेदारले पैसा दिनै खोज्दैन, कहिलेकाहीँ मात्र पैसा पाउँदा गुजारा चलाउनै मुस्किल भएको छ," मजदुर कृष्ण पुलामीले भने-"भोलिदेखि काममै नआए पहिलेको पैसा पनि नपाइएला भन्ने डरले काम चाहिँ गरिरहनुपरेको छ । त्यही पनि अहिले त आकस्मिक ममर्तबाहेक अरू काम पनि भएको छैन ।"

**नेपालको पैसाले पाकिस्तानको ऋण तिर्दै**

ठेकेदार कम्पनीले ठेक्का सम्झौता गरेपछि सुरुमै कुल रकमको १५ प्रतिशत अर्थात् झन्डै दुई अर्ब ५४ करोड रुपियाँ पेस्की रकम बुझेको थियो । उक्त रकमको ५ प्रतिशत अर्थात् झन्डै १३ करोड नेपाली रुपियाँ पाकिस्तानमा सडकको काम गर्दा लागेको ऋण तिरेको जानकारी आफूले पाएको विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए ।

यताको पैसाले उताको ऋण तिर्दा कम्पनीले क्यास फ्लोको समस्या बेहोरेको उनको भनाइ छ । जसले गर्दा कम्पनीले यताको रनिङ बिल तिर्न सकेको छैन । त्यसबाहेक अहिलेसम्म आधाभन्दा बढी (५२ प्रतिशत) काम गरेकाले नौ अर्ब ३८ करोड रकम सरकारले भुक्तानी गरिसकेको सडक आयोजनाले जनाएको छ ।

उक्त रकममध्ये ४० प्रतिशत रकम एसियाली विकास बैङ्क (एडिबी) को डलर खातामा जान्छ भने बाँकी ६० प्रतिशत रकम चिनियाँ ठेकेदार कम्पनीले पाउने भएकाले त्यसले व्यवसायी र मजदुरलाई रकम दिन समस्या भएको बुझिन्छ ।

# नेपाली जुत्ता घर पुनः सञ्चालन



बुटवल । बुटवलको मिलनचोक डेल्टा मार्टस्थित नेपाली जुत्ता घर पुनः सञ्चालनमा आएको छ । असार ६ गते आगलागी भएपछि जुत्ता घरसहित सबै पसलहरु बन्द थिए । अहिले दुई महिनाको डेढलाख भाडा तिर्ने र जुत्ता बिक्रीको १५ प्रतिशत नाफा लिनेगरी ठेक्काको शैलीमा टेन्ट टांगेर पसल सञ्चालन गरिएको हो ।

टेन्टभित्र विभिन्न ८ वटा कम्पनीका जुत्ता छुट अफरसहित बिक्री गरिने मेलाका सञ्चालक प्रकाश भुसालले बताए । यसअघि जुत्ता मेलाको नाममा व्यापार गर्न खोजिएकोमा बुटवलका चार वटा व्यवसायिक संस्थाले मेलाको परिभाषा र उद्देश्य विपरीत भएको भन्दै आपत्ति जनाउँदै मेला रोक्न भनेका थिए । आम व्यवसायीको विरोधपछि सोमबार भएको छलफलमा मेला नगर्ने सहमति भई जुत्ता घर पसल पुनः सञ्चालन भएको हो । जुत्ता घरको लुम्बिनी प्रदेशका पूर्वमन्त्री विष्णु पन्थीले आइतबार उद्घाटन गरे ।

यसैबिच जुत्ता उत्पादक संघका अध्यक्ष रुद्र न्यौपानेले नेपालमा १० करोड जोर जुत्ता चप्पलको माग भए पनि नेपालका उद्योगले १६ करोड जोडी जुत्ताचप्पल उत्पादन गर्न सक्ने पूर्वाधार भएको बताए । उनले करीब ४ करोड जोडी जुत्ताचप्पल बाहिरबाट भित्रिने गरेको बताए । साढे दुई करोड जोडी जुत्ता चप्पल राजश्व छली गरेर भित्रिने गरेको न्यौपानेले बताए ।

कार्यक्रममा फुटवेयर म्यानुफ्याक्चरर एशोसियसन अफ नेपालका केन्द्रीय उपाध्यक्ष सुरज बञ्जाडेले नेपाली उपभोक्ताहरुको मागको ६५ प्रतिशत हिस्सा नेपाली उत्पादनबाट भइरहेको बताए । बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालले एकजना व्यक्तिले मेलाको नाममा भ्रम छरेर उपभोक्तालाई झुक्याउन खोजेको देखिएपछि व्यवसायिक संस्थाहरु एक ठाउँमा उभिएर प्रतिवाद गरेको बताए । 'पसल चलाउन पाइन्छ, सित्तैमा सामान दिए पनि आपत्ति भएन, तर एकजना व्यक्तिले २-४ वटा पसललाई मेलाको नाम दिएर उपभोक्ता झुक्याउन र भ्रम छर्न पाइदैन,त्यसैले मेला नभई पसल पुनः सञ्चालन गर्ने सहमति भएको हो ।'-अध्यक्ष अर्यालले स्पष्ट पारे ।

# कपिलवस्तु दुर्घटना अपडेटः गम्भीर १३ जनालाई भैरहवा पठाइयो

कपिलवस्तु । कपिलवस्तुको शिवराज नगरपालिका-१ वनकसबासास्थित भएको बस दुर्घटनाका सात जना गम्भीर घाइतेलाई थप उपचारका लागि भैरहवा पठाइएको छ ।

जिल्ला ट्राफिक कार्यालय कपिलवस्तुका प्रहरी निरीक्षक अनीश भण्डारीका अनुसार सुर्खेतदेखि बुटवलतर्फ जाँदै गरेको लु २ ख १५९८ नम्बरको बस वनकसबासामा दुर्घटना भएको थियो । दुर्घटनामापरी गम्भीर घाइते भएका उनीहरूलाई थप उपचारका लागि भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा लगिएको छ । बसमा चालकसहित २४ जना रहेको प्रहरी निरीक्षक भण्डारीले बताए ।

घाइतेमध्ये २ जनाको चन्द्रौटास्थित आधारभूत अस्पताल र १५ जनाको चन्द्रौटास्थित सञ्जीवनी अस्पतालमा उपचार भइरहेको छ । बसचालक भने प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । मोटरसाइकललाई बचाउने क्रममा सो बस तल गएर पल्टिएको प्रहरीको भनाइ छ ।

घाइते हुनेमा कपिलवस्तुको बुद्धभूमि नगरपालिका पत्थरकोट बस्ने ३६ वर्षीय मुम्ताज रंगरेज, दाङको लमही नगरपालिका ५ बस्ने ३९ वर्षीय शिवा चौधरी, सोही स्थानका ३२ वर्षीय विनोद योगी र सुर्खेतको विरेन्द्रनगर नगरपालिका



११ का ३३ वर्षीया माया काफ्ले रहेका छन् । त्यस्तै, दाङको घोरही उपमहानगरपालिका १५ की ६६ वर्षीया लक्ष्मीदेवी अधिकारी, घोराही उप-महानगरपालिका १४ की १९ वर्षीया भिमा चलाउनेको भैरहवास्थित युनिभर्सल मेडिकल कजेलमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै सुर्खेतको विरेन्द्रनगर नगरपालिका १३ बस्ने ३७ वर्षीय कलबहादुर रोकाय, धादिङ धुनीबशी नगरपालिका २ का ३० वर्षीय सुदिप सकुराल, विरेन्द्रनगर नगरपालिकाका २६ वर्षीय मनोज कंडेल, दैलेखको दुल्लु नगरपालिकाका २४ वर्षीय भिमप्रसाद न्यौपाने रहेका छन् ।

सोहीअनुसार जुम्लाको तिला गाँउपालिका ३ का २६ वर्षीय हर्ष नेपाली, तिला गाउँपालिका २ का ४३ वर्षीय नन्दलाल बोहोरा र दैलेख चामुन्डा बिन्द्रासैनी ५ का २३ वर्षीय चन्द्रप्रसाद रिजालको थप उपचारका लागि भैरहवास्थित युनिभर्सल मेडिकल कलेजमा उपचार भइरहेको प्रहरी निरीक्षक भण्डारीले बताए ।

## जागृति बहुउद्देश्यीय सहकारी संस्था लि.

बुटवल-९, मिलनचोक,रूपन्देही

### २२औं वार्षिक साधारण सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१।०५। ११**

आदरणीय शेयर सदस्यज्युहरु,

प्रस्तुत बिषयमा यस संस्थाको मिति २०८१।०४। २० गते बसेको संचालक समितिको बैठकबाट संस्थाको २२ औं वार्षिक साधारण सभा देहायमा उल्लेखित प्रस्ताव उपर छलफल गरी पारित गर्न निम्न मिति समय र स्थानमा बस्ने निर्णय भएको हुँदा यस संस्थाको सम्पूर्ण सेयर सदस्यज्युहरुलाई गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौ ।

मिति : २०८१ असोज १९ शनिबार

समय : बिहन- ९-बजे

स्थान : एशियन पार्टी प्यालेस इट्टाभट्टी

प्रस्तावहरु :

१. सचालक समितिका तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत प्रतिवेदन पारित गर्ने ।
२. लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन पारित गर्ने ।
३ आ.व. २०८०/०८१ वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने ।
४. आ.व.२०८०/०८१ को अनुमानित बजेटसहितको कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्ने ।
५. आ.व. २०८०/०८१ को लागि लेखा परीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।
६. आर्थिक वर्ष २०७९/०८० को लाभांशकोष, संक्षरित पूँजी फिर्ता कोष तथा अन्य कोषको रकम वितरण गर्ने ।
७. संस्थाको आन्तरिक नीति, नियम संशोधन तथा विभिन्न कार्यविधिहरु अनुमोदन गर्ने ।
८. साधारणसभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यबाट प्रतिनिधि छनौट गर्ने ।
९. विविध

*नोटः- -साधारणसभामा उपस्थित शेयर सदस्यहरुलाई यातायात खर्च तथा दिवा खानाको व्यवस्था गरिएको छ ।*
*- कक्षा १२ मा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीहरु एक/एक जनालाई सम्मान गरिने हुनाले मिति २०८१ भदौ २० भित्र कक्षा १२ को प्रमाणपत्र संस्थाको कार्यालयमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।*

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र




"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com